जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३९ अंक २९ २०७७ साल फागुन २ गते आइतवार (14 Feb 2021 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : दलित सशक्तीकरण ऐन ... पृष्ठ ३ मा : राजनीतिले गिजोलेको ... पृष्ठ ४ मा : राजनीतिक कोर्स परिवर्तन ... पृष्ठ ५ मा : हाइटीमा थप मानवीय हात ...

## दलितहरुको अवस्थामा कुनै परिवर्तन नभएको भन्दै दलित अगुवाहरुको असन्तुष्टि




**राजविराज**/मुलुकमा विभिन्न सरकार र व्यवस्था परिवर्तन हुँदा पनि दलितहरुको अवस्थामा भने कुनै परिवर्तन नभएको भन्दै दलित अगुवाहरुले असन्तुष्टि व्यक्त गरेका छन् ।

पूर्वको सप्तरी तथा पश्चिमको दैलेखबाट शनिबार एकै साथ राष्ट्रिय दलित मुक्ति जागरण अभियान सुरु भएको छ । राष्ट्रिय दलित मुक्ति जागरण अभियान नेपाल तथा संयुक्त दलित संघर्ष समिति सप्तरीको अगुवाईमा राजविराज दलितहरुले बृहत प्रदर्शन तथा जनसभा गरेका छन् ।

अभियानका पूर्वी क्षेत्र संयोजक राजेश बिद्रोहीले जनसभालाई सम्बोधन गर्दै दलितलाई सबैले भोट बैंकको रुपमा मात्र प्रयोग गर्दै आएपनि हालसम्म उनीहरुको पीडा भने कसैले बुझ्न् नसकेको आरोप लगाएका छन् ।

उनले मुलुकका विभिन्न भागमा हालै दलित समुदायमाथी भएका जघन्य अपराध तथा हत्या, हिंसा, बलात्कार, छुवाछुत, विभेदलगायतका घटनामा संलग्न अपराधीहरुलाई कडा भन्दा कडा कारवाही हुनुपर्ने माग समेत गरे ।

प्रतिनिधिसभा विघटनको कदमलाई प्रतिगामी र फाँसीवादी कदमको संज्ञा दिएका उनले उक्त कदम बिरुद्ध पनि संघर्षमा उत्रन दलित समुदायसँग आग्रह गरे ।

स्थानिय राजरंगशालामा आयोजित जनसभामा हजारौंको संख्यामा आएका दलित समुदायले विभिन्न नाराका साथ नगर परिक्रमा गरेका थिए । कार्यक्रममा महिलाहरुको उल्लेख्य सहभागिता

*बाँकी अन्तिम पृष्ठमा*

## विघटन गरेर तानाशाही प्रवृति लाद्न खोजे : अध्यक्ष यादव



**राजविराज**/जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्रीले लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता, धर्म निरपेक्षतालाई संस्थागत गर्नुको साटो समाप्त पार्न खोजेको आरोप लगाएका छन् ।

सप्तरीको महदेवा

*बाँकी पाँच पृष्ठमा*

## संसद विघटन मात्र नभएर संविधान नै विघटन हुने खतरा बढ्यो : वक्ताहरु




**राजविराज**/प्रतिनिधिसभा विघटन मात्र नभएर संविधान नै विघटन हुने खतरा बढेको शनिबार राजविराजमा आयोजित एक कार्यक्रमका वक्ताहरुले आशंका व्यक्त गरेका छन् ।

बुद्धिजिवि तथा पेशागत संगठन आन्दोलन संयोजन समिति सप्तरीद्वारा "संविधानमाथी आएको संकट" विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै वक्ताहरुले सो आशंका व्यक्त गरेका हुन् ।

आयोजित अन्तरक्रियामा वक्ताहरुले संविधान अनुसार प्रतिनिधिसभा विघटन गर्न नसक्ने व्यवस्था भएपनि पार्टीको आन्तरिक विवादका कारण प्रधानमन्त्रीले स्वेच्छाले संसद विघटन गरेर संविधानको खिल्ली उडाएको आरोप लगाएका छन् ।

विश्वकै उत्कृष्ट संविधान भनेर भाषण गर्ने प्रधानमन्त्रीले आफैले संविधानलाई मिचेर

*बाँकी पाँच पृष्ठमा*



## सम्पादकीय

# पर्वको नाममा चन्दा नमागौं

कुनै पनि चाडै पर्वको आफ्नो छुट्टै मौलिकता र महत्व हुन्छ । नेपालमा धेरै भाषाभाषी, जातजाती, धर्मसँग आस्था राख्ने व्यक्तिहरुको बसोवास रहेको छ । सोही कारणले यहाँ महिनै पिच्छै कुनै न कुनै धर्मसँग आस्था राख्ने मानिसहरुको पर्व पर्ने गर्दछ । धर्म संस्कृतीसँग जोडिएका त्यस्ता पर्व मनाउन सम्बन्धीत जातजातीका व्यक्तिले विशेष रुपमा लिने गर्दछन् ।

तर पर्वको नाममा विकृती र बिसंगतिलाई निम्त्याउनु हुँदैन् । पर्वको नाममा चन्दा उठाउनु कहिले पनि मान्य हुँदैन् । पर्व मनाउने नाममा अहिले चन्दा आतंकले जडो गर्दै आएको छ । पर्व भनेको आफ्नो आर्थिक हैसियतले सकेसम्म मनाउनु पर्दछ । कुनै पनि व्यक्तिलाई सोको नाममा अनावश्यक आर्थिक भार दिनुहुँदैन् । अहिले त्यस्ता कार्यले प्रोत्साहन पाइरहेको देखिन्छन् ।

तसर्थ पर्व कुनै पनि जाति, धर्म, संस्कृतीसँग जोडिएको कुरा हो । यसलाई आफ्नै सक्षमताले भ्याएसम्म खर्च गरेर पारिवारिक रुपले मनाउने विषय हो । नकी चन्दा मागेर पर्वको रौनकतालाई सखाप पार्नु हो । यसर्थ धर्म, संस्कृतीसँग जोडिएका कुनै पर्वप्रति आस्था राख्नु र यसलाई मनाउनु पक्कै पनि धर्म संस्कृतीको जगेर्ना हो

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# दलित सशक्तीकरण ऐन कार्यान्वयन अन्तिम चरणमा : मन्त्री साह



**राजविराज**/प्रदेश २ का सामाजिक बिकास मन्त्री नवलकिशोर साहले दलित अधिकार सुनिश्चिततताका लागि दलित सशक्तीकरण ऐन कार्यान्वयन अन्तिम चरणमा रहेको जानकारी दिएका छन् ।

दलित सरोकार मंच नेपाल सप्तरीद्वारा सोमबार सप्तरीको कृष्णासवरण गाउँपालिका १ महुलीमा आयोजित दलित सशक्तीकरण ऐन कार्यान्वयन अवस्था चुनौती र अवसर बिषयक दलित अगुवासंग अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री साहले सो जानकारी दिएका हुन् ।

कर्मचारी अभावले काम गर्न केही कठिनाई भइरहेको बताउदै मन्त्री साहले दलित सशक्तिकरण कार्यान्वयनका लागि व्यवस्था गरिएको समितिहरुमा पनि चाडै नियुक्ती हुने बताए ।

उनले प्रदेश सरकारले दलित सशक्तिकरण ऐन ल्याएपछि दलितमाथी हुने सबै प्रकारको भेदभाव अन्त्य हुने दाबी गर्दै दलित समुदायको उत्थानका लागि प्रदेश २ सरकारले महत्वपूर्ण कामहरु गरेको चर्चा समेत गरे ।

मन्त्री साहले दलित अगुवा तथा बिज्ञहरुसंग पटक पटक छलफल गरेर ऐन बनाइएको तथा आफ्नो संसदीय कोष र मन्त्रालय समेतले दलित समुदायको हकमा बजेटलाई प्रथामिकतामा राखेको उल्लेख गरे ।

सोही कार्यक्रममा जनता समाजवादी दलित संघका संयोजक श्याम सरदारले दलित सशक्तिकरण ऐन ल्याएको भन्दै प्रदेश सरकारलाई धन्यवाद व्यक्त गरे । उनले सातवटा प्रदेश मध्य ६ वटा प्रदेशमा दलितको अधिकारका लागि चर्चा समेत नभएको अवस्थामा प्रदेश नम्बर २ ले ऐन बनाएर दलितको उत्थानको पक्षमा उदारता देखाएको बताए ।

पत्रकार भोला पासवानले ऐन लागू हुनासाथ दलित समुदायको अधिकांश समस्या हलहुने दाबी गर्दै ऐनमा पुर्ण आरक्षणको व्यवस्था रहेकोले ऐनमा प्राप्त दलित हकअधिकारको बारे दलित समुदाय जानकार हुनुपर्ने उल्लेख गरे ।

दलित सरोकार मंच नेपालका अध्यक्ष युक्तिलाल मरिकको अध्यक्षतामा आयोजित कार्यक्रममा शम्भुनाथ नगरपालिकाकी उपप्रमुख कबिता सरदार, रुपनी गाउँपालिकाकी उपाध्यक्ष बेचनी देवी सरदार, तिरहुत गाउँपालिकाका उपाध्यक्ष तिर्थमाया खंग खत्वे, प्रथमलाल राम, रंजनाकुमारी राम, मुन्नीकुमारी खंग, अर्चना परियार, दुर्गादेवी खंग, बेलिदेवी राम, देवलाल खंग, मनोज राउत मेहतर, कपलेश्वर सरदार, रुपलाल बिश्वकर्मा, सियाराम पासवान, डिकबहादुर बिश्वकर्मा, कमानन्द रामले ऐनलाई प्रभावकारी रुपले स्थानीयतहहरुले पनि कार्यान्वयन ल्याउनुपर्ने सुझाव दिएका थिए ।

# पार्टीमा देखिएको विवादलाई समाधान नगरि संसद नै विघटन गरेर सबैलाई अन्यौलमा पारे : कृष्ण पहाडी



**राजविराज**/नागरिक समाजका अगुवा तथा अधिकारकर्मी कृष्ण पहाडीले पार्टीमा देखिएको विवादलाई समाधान गर्नुभन्दा पनि आफूले भने अनुसार नहुने देखेपछि प्रधामन्त्रीले प्रतिनिधिसभालाई नै समाप्त पारेको आरोप लगाएका छन् ।

मधेशी नागरिक समाजद्वारा मंगलबार राजविराजमा आयोजित देशको समसामयिक राजनीतिक परिस्थिती बारेको अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले प्रधानमन्त्रीले चालेको प्रतिनिधिसभा विघटनको कदमप्रति चुप लागेर बस्ने अवस्था अब नरहेको बताए ।

कहिले भारतले आफू नेतृत्वको सरकार खसाउन खोजेको भन्ने, कहिले भारतकै गुप्तचर संस्थाका प्रमुखसँग गोप्य भेटघाट गर्ने प्रधामन्त्रीको व्यवहार दोहोरो चरित्रको रहेको उनको आरोप छ ।

ओली नेतृत्वको सरकार जनताको समस्या भन्दा पनि भ्रष्टाचार र कमिशनतन्त्रलाई बढावा दिइएको आरोप लगाउदै उनले कोरोनाका कारण जनता छटपटाइ रहँदा सरकारका मन्त्रीहरुले कात्रोमा पनि कमिशन खाएको व्यापक चर्चाले प्रमाणित भएको उल्लेख गरे ।

कार्यक्रममा मधेशी नागरिक समाजका अगुवा रामरिझन यादवले कहिलेको अवस्था आउनुको पछाडी प्रमुख दोषि प्रधानमन्त्री केपी ओली रहेको भन्दै नेपाली कांग्रेसले पनि सशक्त प्रतिपक्षीको भुमिका देखाउन नसकेका कारण उनको पनि दोष रहेको टिप्पणी गरे ।

वरिष्ठ राजनीतिज्ञ खुशिलाल मण्डलले प्रतिनिधिसभा विघटनको कदम असंवैधानिक र मुलुकको हित विपरित भएकोले यसलाई सच्याउनु पर्नेमा जोड दिए ।

वरिष्ठ राजनीतिज्ञ खुशिलाल मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा प्राध्यापक अमरकान्त झाले पनि प्रतिनिधिसभा विघटनको बिरुद्धमा आफ्नो धारण राखेका थिए । सो कार्यक्रममा जिल्लाका बुद्धिजिवि, प्राध्यापक, विभिन्न पार्टीका प्रतिनिधि, संचारकर्मी लगायतको सहभागिता रहेको थियो ।

# महासंघद्वारा अध्यक्षद्वय सम्मानित



**राजविराज**/नवनियुक्त प्रदेश २ का मिडिया काउन्सिल र संचार प्राधिकरणका अध्यक्षद्वयलाई सप्तरीमा सम्मान गरिएको छ ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीले काउन्सीलका अध्यक्ष शिवहरी प्रसाद भट्टराई र प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवलाई सम्मान गरेको हो ।

शाखाका अध्यक्ष जितेन्द्र खडगाको अध्यक्षता तथा नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा दुबै जनालाई सम्मानित गरिएको हो ।

सो अवसरमा महासंघका उपाध्यक्ष सुधा देव, महासंघ प्रदेश समितिका सचिव रामनारायण विश्वास, प्रदेश सदस्य ललिता साह, पूर्व अध्यक्ष धिरेन्द्र प्रसाद साह, धनुषका पत्रकार श्यामसुन्दर शशी लगायत संचार माध्यममा कार्यरत संचारकर्मीहरुको उपस्थिती रहेको थियो ।

यसैगरि मैथिली साहित्य परिषद् राजविराजले प्रदेश सरकारलाई नियुक्त गरेको भन्दै धन्यवादसहित नियुक्त भएकाहरुलाई बधाई दिएको छ ।

परिषद्का अध्यक्ष सतिश कुमार दत्तले एक प्रेस विज्ञप्ति जारी गर्दै सप्तरी जिल्लावासी एवम् मैथिली साहित्य परिषदका कार्यासमितिका उपाध्यक्ष श्याम सुन्दर यादव प्रदेश आम सञ्चार प्राधिकरणको अध्यक्ष तथा आजीवन सदस्य शिवहरि प्रसाद भट्टराइ मिडिया काउन्सिलको अध्यक्ष जस्तो गरिमामय पदमा नियुक्त भएकोमो बधाइ दिएका हुन् ।

यस्तै प्रदेश २ सरकारद्वारा लोक सञ्चार प्रवर्द्धन बोर्डको अध्यक्षमा सिरहा निवासी धर्मेन्द्र मोरबैता नियुक्त भएकोमा सफल कार्यकालको कामना गर्दै परिषद्ले प्रेस विज्ञप्तिमार्फत बधाइ ज्ञापन गरेको छ ।

भट्टराई नेपाल पत्रकार महासंघका संस्थापक अध्यक्ष हुन् भने यादव महासंघ सप्तरीको उपाध्यक्ष हुन् । भट्टराई र यादवलाई गत बिहिवार प्रदेश सरकारले मिडिया काउन्सिल र संचार प्राधिकरणको अध्यक्ष पदमा नियुक्त गरेको हो ।

# राजनीतिले गिजोलेको सरकारी अस्पताल

'डाक्टरहरुले सरकारी अस्पतालमा बिरामी राम्रोसँग हेर्दैनन् तर निजी क्लिनिकमा तिनै डाक्टरले बिरामीलाई राम्रो उपचार गर्छन् । चार बज्यो कि डाक्टरहरुलाई क्लिनिक जानको हतारो हुन्छ ।'

हाम्रो देशमा धेरै सुनिने गुनासो हो यो । केही हदसम्म कुरा सत्य पनि हो । अनिष्ट सत्य ! स्वास्थ्य क्षेत्रमा सेवा घट्दो र व्यावसायीकरण बढ्दो छ । यो कुरा पनि सत्य हो । दुर्भाग्यपूर्ण सत्य ! स्वास्थ्य सेवा दिने नाममा निजी क्लिनिक र निजी अस्पतालहरु मानिसलाई लुटिरहेका छन् भन्ने धेरैको सोच छ। यो पनि केही हदसम्म सत्य नै हो । बडेमानका भवन सहितका उपत्यका बाहिरका केही सरकारी अस्पतालहरु बिरामी रिफर गर्ने केन्द्र जस्ता मात्र बनेका छन् । अर्को सत्य ।

मानिसहरुले बुझेका यी र यस्तै तमाम सत्यकाबीच एउटा भ्रम छ, जसले निर्दोष स्वास्थ्यकर्मीहरुमाथि प्रहार मात्र गरेको छैन, उनीहरुको कामप्रतिको लगावलाई क्षीण पार्दै समग्र स्वास्थ्य क्षेत्रलाई धरासायी बनाउँदै छ । त्यो भ्रम यो हो कि, आम मानिसका नजरमा यो प्रतिकुलताका पछाडि कोही दोषी छ भने त्यो डाक्टर लगायतका स्वास्थ्यकर्मी नै हुन् ।

यो धारणा समाजमा कसले, कसरी स्थापित गऱ्यो त्यो म भन्न सक्दिनँ तर आम मानिसको नजरमा स्वास्थ्य क्षेत्रका विकृति डाक्टरहरुको पैसामोहको उपज हो भन्ने भ्रम पूर्ण रुपमा विकसित छ ।

कागजको खोस्टामा उतारेर सत्यता छर्लङ्ग पारी समाजको सोच बदल्ने मेरो अभिप्राय होइन । त्यो गर्नु मेरो वशको विषय पनि होइन किनकी यो देशमा मानिसले पत्याउन कि त कुनै पार्टीको खोल ओडेर भाषणबाजी गर्ने नेता हुनुपर्छ, कि त क्यामेरा बोकेर सनसनीपूर्ण खबर बनाउने पत्रकार । दुर्भाग्य, म यीमध्ये कुनै होइन । मेरो अभिलाषा केवल सही र गलत छुट्याउन सार्मथ्य राख्ने केही साथीहरुले अर्को पल्ट सामाजिक सञ्जालमा कोही स्वास्थ्यकर्मीको आचरणबारे फैसला सुनाउनुअघि एकपल्ट त्यो व्यक्तिको स्थानमा आफूलाई राखेर हेर्नुभयो भने त्यसैलाई मैले यो लेखको प्रभाव सम्झिने छु ।

**नेपालको स्वास्थ्य क्षेत्रमा डाक्टरको स्थान कहाँ छ ?**

अधिकांश डाक्टर योग्यता भएका तर सीमित स्रोत-साधन र अधिकारले थिचिएका कर्मचारी मात्र हुन् । दिशाविहीन नीति तथा कार्यक्रम ल्याउने सरकार र व्यवसायमुखी लगानीकर्ताको लात्ताले हिर्काइने भकुण्डो बनेका छन् धेरै स्वास्थ्यकर्मीहरु । नेपाली जनताको औसत आम्दानीभन्दा बढी कमाउने तर लागत र प्रतिफलको मापन गर्दा अत्यन्तै पिछडिएको क्षेत्र हो । अझ संघीयतापछि त स्थानीय स्तरका योग्यताविहीन तथा स्वास्थ्य क्षेत्रको विषयमा अनविज्ञ सरकारका राजनीतिक सैनिकहरुको हस्तक्षेपमा आत्मसम्मानलाई तिलाञ्जली दिएर रोगको र लोकको भयबीच कामकाज गर्नुपर्ने भएको छ ।

**किन धाउँछन् डाक्टरहरु निजी क्लिनिक ?**

यसलाई यसरी हेरौं । हामी डाक्टरहरुलाई सरकारी अस्पतालमा नै सन्तुष्ट राख्न किन सकिराखेका छैनौं ? एक जना डाक्टरले सरकारी अस्पतालमै पर्याप्त दुःख पाइसकेको हुन्छ तथापि निजी क्लिनिक धाउनु अधिकांश डाक्टरको बाध्यता हो । आरक्षणले आधा निलिसकेका सीमित सिटका कारण योग्यता भएका पनि सबै डाक्टर बन्ने आकांक्षा राख्नेहरु छात्रवृत्तिमा पढ्न पाउँदैनन् । करिब पचास लाख खर्च गरेर निजी मेडिकल कलेजबाट एमबिबिएस सकाएपछि तिनै मेडिकल कलेजहरुले मासिक २५/३० हजारसम्ममा पनि काममा लगाउँछन् । सरकारी क्षेत्रमा प्रवेश गर्न लोक सेवा आयोग नखुल्ने र प्रवेशपछि पनि यदि सरकारी अस्पतालमा मात्र काम गर्ने हो भने सरकारले दिने तलबले पढाइ खर्च उठाउन नै झन्डै ९ वर्ष लाग्छ ।

म आफैं केही महिनाअघि सरकारी अस्पतालमा कार्यरत रहँदारहँदै कोभिड-१९ बाट संक्रमित भई आइसियु बस्नुपर्ने अवस्था आयो । उपचारार्थ मैले करिब रु. आठ लाख खर्च गर्नुपऱ्यो । सरकारले दिने ४० हजार मासिकको तलबले मलाई मेरो बिरामी खर्च उठाउन २० महिना (आधारभूत आवश्यकतामा समेत पैसा खर्च नगरेर, जुन असम्भव छ) लाग्छ । म त एउटा प्रतिनिधि पात्र मात्र हुँ । म जस्ता कति स्वास्थ्यकर्मी छन् जसलाई सरकारले न त उपचार गरिदिन्छ न त जोखिम भत्ता नियमानुसार उपलब्ध गराउँछ ।

हुन त म कुनै निजी क्लिनिकमा कार्यरत छैन तर पनि तपाईहरु आफैं भन्नुहोस् मेरो जस्तै समस्याबाट पीडित बिरामी खर्चको ऋण बोकेको डाक्टरले निजी क्लिनिकमा काम नगरी कसरी चल्छ ? सरकारी अस्पतालमै काम गरेर गुणस्तरीय जीवन बाँच्न सकिन्छ भने अतिरिक्त दुःख गर्ने मन कसलाई हुन्छ ? पहुँचमा भएका मानिसले घरमै बसीबसी भत्ता खाने तर कोभिड-१९ को माहामारीमा ज्यान फालेर लाग्ने हेरेको हेऱ्यै हुने भएपछि बिरामीप्रतिको कर्तव्यबोध कसरी हुन्छ ? तपाईहरुमध्ये कतिले भन्न सक्नुहुन्छ, जागिर खाने बेला सर्त मञ्जुर भएपछि काम पनि त गर्नुपऱ्यो नि । त्यसो हो भने परिवर्तन र विकास भनेको के हो त ? स्वास्थ्य क्षेत्रमा परिवर्तन जरुरी छ ।

**किन सरकारी अस्पतालको गुणस्तर वृद्धि सुस्त छ ?**

नीति/नियम र विकासको बागडोर सम्हालेकाहरु आफ्नो र आफ्नो परिवारको उपचारको लागि विदेश धाएको त सुन्नुभएकै होला । उनीहरुको स्वास्थ्य सुरक्षित छ र आम मानिसको स्वास्थ्यको मतलब छैन । सरकारी अस्पतालहरुमा पूर्वाधार विकासको काम राज्यको हो । बिरामीको चाप अनुसार डाक्टरहरुको उचित व्यवस्थापन हुन सकेको छैन । बिरामीको अत्यधिक चापलाई सीमित डाक्टरहरुले निश्चित समयभित्र हेरेर सकिसक्नुपर्ने हुन्छ किनकी निजी क्लिनिक धाउनुपर्ने बाध्यता सरकारले सिर्जना गरिदिएको छ । अनि कसरी बिरामीलाई समय दिएर हेर्न सकिन्छ ?



डा प्रकाश बञ्जाडे

करोडौं खर्च गरेर आफूलाई जतिबेला मन लाग्यो उतिबेला चुनाव घोषणा गर्ने तर लोकसेवा आयोग खुलाउन चाहिँ नसक्ने गैरजिम्मेवार सरकारको उपजले नेपालका सरकारी अस्पतालहरुमा काम गर्ने अधिकांश डाक्टरहरु नेपाल सरकारको छात्रवृत्तिको दुई वर्षको करारमा नियुक्त डाक्टरहरु छन् जसलाई स्नातकोत्तरको छात्रवृत्तिमा सीमित सिट तथा निजी मेडिकल कलेजहरुको महँगो शुल्कका कारण पढाइको दबाब हुन्छ नै । त्यसैले अधिकांश डाक्टरलाई थप सेवा विस्तारमा अल्झिनुभन्दा आफ्नो समयको सदुपयोग गर्ने, जाने भन्ने सोचाइ आउँछ ,जुन स्वभाविक हो ।

नेपालमा अस्पतालको पूर्वाधार विकास भइरहेको भनेको नयाँ भवन निर्माण मात्र हो । सेवा प्रदायक तथा उपकरणमा लगानी नगर्ने, १५ शय्या, ५० शय्या, १०० शय्यामा स्तरोन्नति भन्दै भवन बनाउने । अहिले गाउँगाउँमा अस्पतालका नयाँ भवनहरु बन्दै छन् । अनि ती भवनहरुले प्रदान गर्ने सेवा भने ज्यूँका त्यूँ छ । हुन त कुरा ठिकै पनि हो । भ्रष्टाचारको सबैभन्दा सजिलो बाटो न पऱ्यो । भवन निर्माण आवश्यक हो तर कर्मचारीको व्यवस्थापन र सेवा विस्तार अत्यावश्यक हो ।

**समाधान के त ?**

१. तहतहमा समस्या छन् । पहिलो कुरा त स्वास्थ्य सम्बन्धी नीति/नियम बनाउने स्थानमा दक्ष नागरिक हुनुपर्छ, जसलाई स्वास्थ्य क्षेत्रका समस्या र त्यसको सम्बोधन प्रक्रियाको ज्ञान र चासो होस् ।

२. अस्पतालहरुमा राजनीतिक हस्तक्षेप बन्द हुनुपर्छ । अहिले अधिकांश अस्पतालहरु स्थानीय स्तरका छोटे महाराजहरुको हस्तक्षेपको शिकार भइरहेका छन् । अस्पतालका कर्मचारी नियुक्ति तथा अन्य विकासमा आफू र आफ्ना आसेपासेको लागि हुने हस्तक्षेप पूर्ण रुपमा बन्द हुनुपर्छ ।

३. स्वास्थ्यकर्मीहरुको श्रम शोषण बन्द गरी वैज्ञानिक तवरले पारिश्रमिक निर्धारण गर्ने ।

४. अस्पतालहरुमा भौतिक संरचनाका अतिरिक्त सेवा विस्तारको लागि चाहिने जनशक्ति तथा उपकरणको व्यवस्था गर्ने ।

५. स्वास्थ्यकर्मीको सुरक्षाको प्रत्याभूति गर्ने ।

६. अस्पतालहरुले दिने सेवाको दक्ष टोलीद्वारा नियमन गर्ने र अस्पतालमा कुनै किसिमको लापरबाही (उचित छानविनपश्चात्) भएको पाइएमा कारबाही गर्ने ।

७. स्वास्थ्यकर्मीले बिरामीप्रतिको जिम्मेवारीलाई अझै गहन रुपले लिएर उनीहरुको सेवामा गम्भीर हुने र बिरामी तथा तिनका आफन्तहरुले अस्पताल तथा स्वास्थ्यकर्मीको महत्व बुझेर उचित सेवा प्रदान गर्न सहयोग गर्नुपर्छ ।

अन्त्यमा, हामी धनी नेताबाट शासित गरिब देशका गरिब (अधिकांश) र राजनीतिको पट्टीले आँखा छोपेका नागरिक हौं । हामी अस्पतालमा गएर यो भएन, त्यो भएन भनेर स्वास्थ्यकर्मीसँग झगडा गर्छौं तर पचास लाखमा पौवाको छाप्रो बनाइदिने नेताको पछि लागेर ताली पिट्दै हिँड्छौं । अस्पतालहरुमा राजनीतिक हस्तक्षेप, तोडफोड तथा विकासमा बिलम्व हुँदा घाटा हुने भनेको सर्वसाधारणलाई नै हो ।

अब अर्को पटक ताली पिट्दै हिँड्ने क्रममा नेतासँग सोध्न नबिर्सनु होला/नेताज्यू, स्वास्थ्य क्षेत्रको विकासका लागि के गर्दै हुनुहुन्छ ? स्वास्थ्य खबरबाट

# ठूलो परिमाणमा प्रतिबन्धित लागूऔषध बरामद

**राजविराज**/सशस्त्र प्रहरीले ठूलो परिमाणमा प्रतिबन्धित लागूऔषध बरामद गरेको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. १ तिलाठीस्थित खाँडो खोला छेउबाट लागुऔषधमा बुप्रेनोरफिन इन्जेक्सन ५९६ थान, डाइजेपाम इन्जेक्सन ६ सय थान, प्रोमेथाजाइन डाइडाक्लोराइड इन्जेक्सन ५ सय ९९ थान र नाइट्राभेट ट्याब्लेट १२ सय थान बरामद गरिएको सशस्त्रका एसपी राजु श्रेष्ठले जानकारी दिएका छन् ।

भारतबाट लुकाई छिपाई नेपालतर्फ ल्याउँदै गरेको प्रतिबन्धित लागूऔषध एक व्यक्तिको झोला चेक गर्ने क्रममा बरामद भएको तथा चेकजाँच कै क्रममा उनीहरु त्यहाबाट फरार भएको सशस्त्र प्रहरीले जनाएको छ ।

# हतियारसहित दुई पक्राउ

**राजविराज**/सप्तरीको शम्भुनाथ नगरपालिकाबाट प्रहरीले हतियारसहित दुई जनालाई पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय रुपनीबाट खटेको गस्ती टोलीले बिशेष सुराकीको आधारमा उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर प्रसाद साहले जानकारी दिएका छन् ।

प्रहरी टोलीले एक नाले भरुवा बन्दुकसहित सो नगरपालिका २ भलुवाही निवासी २५ वर्षिय रामपुकार माझी र २२ वर्षिय रामस्वरुप मण्डललाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# राजनीतिक कोर्स परिवर्तन गर्ने ओलीको रणनीति



उपेन्द्र झा

नेपालको राजनीतिक कोर्स परिवर्तन गर्ने निर्देशित योजना अनुसार नै नेकपा अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीभित्र तनाव बढाएर विभिन्न बहानामा पौष ५ गते संसद विघटन गरी सडक संघर्षलाई जन्म दिएको प्रवुद्धवर्गको आँकलन छ ।

एमाले र माओवादी दुई विपरीत धारको पार्टीलाई एकीकरण गर्ने क्षमता राख्ने केपी शर्मा ओलीले पार्टीभित्र उठेका सामान्य अन्तविरोधलाई साम्य पार्न सक्दैनथ्यो ? आफूले नरुचाएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई परिवर्तन गर्ने शक्ति केन्द्रसँग कुरा मिलेपछि कसैलाई केही नसोधी वर्तमान राजनैतिक प्रणालीलाई समाप्त गरि नयाँ संविधान बनाउने वातावरणको खोजी गर्न नियम कानूनलाई कुल्चेर पनि संसद विघटन गरी अर्को राजनैतिक अवस्था सिर्जना गरि दिएको हो ।

जनताबाट असीम शक्ति पाएर जनप्रतिनिधी सरकारभन्दा शासकको रुपमा स्थापित हुने ओलीको निरंकूश सामन्ती संस्कार पूर्वदेखि देखिँदै आएको हो । जीवनको अन्तिम समयमा केही नयाँ कुरा गरेर गएपछि अनौठो इतिहास बनाउने उनको चाहना रहेको छ ।

आफ्नो सहकर्मी होस् कि सेवा निवृत सम्माननीय प्रधान न्यायाधीशहरु, वरिष्ठ पत्रकार होस् कि राजनैतिक विश्लेषक, राजनैतिक दलहरु होस् कि प्रवुद्धवर्ग, आफ्नो कदमलाई असंवैधानिक भन्ने जो कोहीलाई तल्लो स्थरको राजनैतिक गाली दिने घोचपेच गर्ने, अपमान गर्ने, धम्काउने प्रधानमन्त्रीको क्रियाकलाप राजनीतिलाई गलत दिशातिर लैजाने सबैले संदेह गर्न लागेको हो ।

प्रधान न्यायाधीश जस्तो गरिमामय पदको अनुभव प्राप्त गरेका सम्माननीय व्यक्तिहरुलाई सर्वोच्च अदालतमा जागिर खाएको भरमा धेरै बुझ्ने जस्ता अपमानजनक शब्दहरु प्रयोग गर्नु, प्रचण्ड-नेपाल गुटलाई "चुनाव १० वटा सीट ल्याएर देखाउन" चुनौती दिनु, सबैलाई अपमान, तिरष्कार तथा घोचपेच गरी आन्दोलन उठाउने केपी शर्मा ओलीको तीव्र-चाहना अब विस्तारै सतहमा आउन थालेको हो ।

कानून जान्ने बुझ्ने, सूक्ष्मभेदी राजनैतिक दाव बुझ्ने समाजका हरेक तब्का प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटनको कदमलाई, मन्त्री परिषदको विस्तारलाई तथा संवैधानिक आयोगको पदपूर्ति आदिलाई असंवैधानिक भन्दै विरोधमा उत्रेका छन् । ओलीको कदमलाई सही ठहऱ्याउने अन्धभक्तको पनि कमी छैन ।

राणा शासनको "मुखे कानून" किम्वदन्तीको केपमा बुढापाकाहरुको मुखबाट सुन्थे, आज प्रत्यक्ष ओलीको शासनकालमा हेर्न पाईयो । नेपालको राजनीति नेपाली काँग्रेस र नेकपाको लागि खल्तीमा रहेको "पान सुपारी" हो, जतिबेला पनि चपाउन मिल्छ । किनभने राजनीति यी दुई पार्टीको कब्जाबाट मुक्त हुन नसकेकोले यस्ता घटनाहरु स्वाभाविक रुपमा घटि रहने हो ।

आन्दोलन प्रतिको सोच

१) नेकपा प्रचण्ड-नेपाल समूहले जनताको भीषण आन्दोलनबाट आलीलाई अपदस्थ गराएर "संघीय लोकतान्त्रिक गणतन्त्र" को रक्षा गर्ने चाहनाका साथ आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ । नेकपाको समग्र कार्यकर्तामाझ "रुनु न हास्नु" को अवस्था छ । नेकपा ( माओवादी) र एमालेबीच भएको एकीकरणपछि अहिले भएको विभाजनमा दुबैतिर दुबै पार्टीका कार्यकर्ता छन् । पार्टी विभाजनपछि प्रचण्ड-नेपाल समूहले आन्दोलन आह्वान गरेपनि आन्दोलनमा उर्जा देखिन्न ।

२) नेपाली काँग्रेसमा आन्दोलनका लागि मति मिलेको छैन । रामचन्द्र पौडेल समूहले सरकारले "संघीय लोकतान्त्रिक गणतन्त्र" मास्न लागेको, यसको विरुद्ध आन्दोलन गरि संविधानको रक्षा गर्ने, अनि मात्र चुनाव लड्ने कानूनन् कुरा गरि रहेको छ भने देउवा समूह चुनावका लागि तयारी गर्ने मानसिकतामा छन् । कार्यकर्ताहरुको दबावका कारण आन्दोलनमा जोश जाँगर छैन । शेरबहादुर देउवा र ओलीको आन्तरिक साँठगाँठ रहेका कारण प्रणाली जे भएपनि चुनावलाई उपयोग गरी पहिलो पार्टी बन्ने देउवाको आन्तरिक मनसाय रहेकोले पार्टीभित्रको दुई धारको संघर्षका कारण आन्दोलन शिथिल रुपमा रहेको छ ।

३) जनता समाजवादी पार्टी "संघीय लोकतान्त्रिक गणतन्त्र" को संविधान घोषणाको दिनलाई "कालो दिवस" मनाउनेले आज यस संविधानको रक्षा गर्न आन्दोलनमा होमिएको छ । मधेशी जनतालाई वलिदानी आन्दोलन गर्न उक्साई रहेको छ । ओलीलाई हटाएर प्रचण्ड-नेपाललाई वा शेरबहादुर देउवालाई स्थापना गरी च्याँखे थाप्ने मनसायले जसपा आन्दोलित छन् ।

४) नागरिक समाज वुद्धिजीबी लगायत समाजका प्रवुद्धवर्ग ओलीको तानाशाही कदम विरुद्ध नैतिकताले आन्दोलनमा उत्रि रहेका छन् । अहिले दैध मनः स्थितिमा रहेका कारण आन्दोलन उर्जावान बनिरहेको छैन । तर समाजको हरेक क्षेत्र ओलीको असंवैधानिक कदम विरुद्ध रहेका कारण विस्तारै आन्दोलन चर्कने सम्भावना देखिन्छ ।

शिथिल आन्दोलन न विपक्षको लागि निर्णायक हुन्छ न ओली सरकारको लागि । त्यसैले ओली आफ्नो विरोध गर्नेहरुका लागि आक्रामक भएर आन्दोलनका लागि उक्साइरहेको छ । आन्दोलनले विध्वंशक रुप लिएपछि ओलीले पूर्व निर्धारित संकटकाल घोषणा गरी राजनैतिक कोर्स परिवर्तन गर्ने रणनीति लिएको छ । चर्को आन्दोलन विपक्षलाई फायदा दिनुको साटो ओलीको लागि लाभदायक सिद्ध हुने कुरा देखिन्छ ।

पटक पटक अग्रगमनभन्दा पश्चगमनमा देश जानुको कारण राजनीतिमा सक्रिय रुढिवादी सामन्ती प्रवृति हो जो अग्रगमनमा वर्गीय घाटा हेर्छ । पश्चगमनमा शासक र शासकीय प्रवृति लाभान्वित रहने भएकोले शासकवर्गको यो खेल जनतालाई बुझ्न अब कठीन छैन । *(मधेश दर्पण फिचर सेवा)*

# दुई विद्यालयका नयाँ भवनको शिलान्यास




**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकास्थित दुई विद्यालयमा नयाँ भवन निर्माण हुने भएको छ ।

उक्त गाउँपालिकाको वडा नं. ४ स्थित राजेन्द्र देवकी माध्यमिक विद्यालय र वडा नं. १ स्थित तिलाठी मावि ६ कोठे दुई तल्ले नयाँ भवन निर्माण हुन लागेको हो ।

ती दुबै भवनको जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले शिलान्यास गरेका छन् । वडा ४ को बुधबार र वडा १ को विद्यालय भवनको शिलान्यास बिहीबार भएको छ ।

अध्यक्ष यादवको पहलमा आफ्नो संसदीय निर्वाचन क्षेत्रको विकासका लागि स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगत उक्त दुबै विद्यालयमा नयाँ भवन निर्माण हुन लागेको गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश झाले बताए ।

सो अवसरमा प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साह, राष्ट्रियसभा सदस्य शेखर कुमार सिंहको पनि उपस्थिति रहेको थियो ।

एक करोड २५ लाख २७ हजार ९ सय ९६ रुँपैयाको लागतमा सो विद्यालयमा ६ कोठे दुई तल्ले भवन बन्ने र टेण्डर प्रक्रिया समेत अघि बढिसकेको गाउँपालिका अध्यक्ष सतिश कुमार सिंहले जानकारी दिए ।

# महिलालाई बलात्कार गरि फरार रहेका सदा कारागार चलान

**राजविराज**/गाउँकै एक महिलालाई बलात्कार गरि फरार रहेका अभियुक्तलाई प्रहरीले डेढ वर्षपछि पक्राउ गरेको छ ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ कोचाबखारी बस्ने चन्दन भन्ने चन्द्रनारायण सदालाई सोमबार प्रहरीले पक्राउ गरेको हो । पक्राउ परेका सदालाई अदालतमा उपस्थित गराई पूर्पक्षका लागि कारागार चलान गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार गाउँकै २३ वर्षिय महिलालाई २०७६ भदौं २५ गते राती घरमा कोही नभएको मौका छोपी बलात्कार गरि फरार रहेका सदा गोप्य सूचनाको आधारमा गाउँमै लुकी बसेको अवस्थामा पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन् ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**

**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**



## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# लुटपाटमा संलग्न अभियुक्तहरु मध्ये एक जना कारागार चलान

**राजविराज**/नेपाल टेलिकमको उपकरण लुटपाटमा संलग्न अभियुक्तहरु मध्ये एक जनालाई मंगलबार पूर्पक्षका लागि कारागार चलान गरिएको छ ।

जिल्ला अदालत सप्तरीको आदेशमा सप्तरीको सुरुङ्गा नगरपालिका २ स्थित शिवनारायण चौधरीको घरमा नेपाल टेलिकमद्वारा जडान गरिएको टावर उपकरण लुटपाट गर्ने कार्यमा संलग्न रहेका मुख्य अभियुक्त सिरहाको लहान नगरपालिका १३ निवासी राकेश यादवलाई अदालतले कारागार चलान गर्ने आदेश दिएको हो ।

यस्तै सामान खरीद विक्रि गर्ने दुई जनालाई धरौटीमा रिहा गरेको छ । सो लुटपाटका सरसामान बिक्रि गर्ने कार्यमा संलग्न लहान नगरपालिका ३ का पवन जैसवाल ३ लाख र खरीद गर्ने सोही नगरपालिका ४ निवासी दिपक अग्रवाल २ लाख धरौटी बुझाई तारेखमा रिहा भएका छन् ।

यस्तै लुटपाटका उपकरण ओसारपोसारमा प्रयोग गरिएको ना.४ख. ७२४६ नम्बरको ट्रकका धनी लहान नगरपालिका ३ का सूर्यनारायण महतोको संलग्नता नदेखिएकोले थुना मुक्त भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वरप्रसाद साहले जानकारी दिएका छन् ।

गत पुस २३ गते चौधरीको घरमा जडान गरिएको नेपाल टेलिकमको टावरमा प्रयोग हुने ६५० एएच ब्याट्रि २४ थान, पावर केबल ३५ एमएमको २० मिटर, अर्थिङ केवल २५ मिटर लगायतका उपकरणहरु यादव नेतृत्वको समूहले लुटेर लगेका थिए ।

---

## *संसद विघटन ...*

असंबैधानिक कदम चाल्नुले संविधानको उत्कृष्टताप्रति प्रश्न चिन्ह खडा गरेको बताए । मुलुकमा गणतन्त्र स्थापनादेखी संविधान जारि गर्ने बेलासम्म हजारौं नेपालीले दिएको बलिदानी पनि अहिले संसद विघटनका कारण ओझेलमा परेको उनीहरुको भनाई थियो ।

बुद्धिजिवि तथा पेशागत संगठन आन्दोलन संयोजन समितिका संयोजक अनिलकुमार अनलको अध्यक्षता तथा वरिष्ट राजनीतिज्ञ खुशीलाल मण्डलको प्रमुख आतिथ्यमा आयोजित अन्तरक्रियामा प्राध्यापकहरु अमरकान्त झा, सुरेन्द्रप्रसाद गुप्ता, बुलबुल चौधरी, सेवानिवृत शिक्षिका मन्जु श्रेष्ठ, पूर्वप्रधानाध्यापक बिजयानन्द झा, भोगेन्द्र झा, अधिवक्ताहरु महेन्द्रप्रसाद देव, मनोज देव, रोहितलाल दासलगायतले बोल्दै प्रधानमन्त्रीको असंबैधानिक, अलोकतान्त्रिक कदमको बिरोध गर्दै सो कदम सच्याउन माग समेत गरे ।

सोही कार्यक्रममा शिवनारायण परियारले कविता वाचन गरेका थिए भने कार्यत्तम अधिवक्ता भुपेन्द्र नारायण मण्डलले संचालन गरेका थिए ।

## *विघटन गरेर ...*

गाउँपालिकास्थित डाढामा बुधबार आयोजित विरोधसभा एवम् पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उनले चस्सो आरोप लगाएका हुन् ।

पार्टीको आन्तरिक विवाद पार्टीभित्रै समाधान गर्नुपर्नेमा आन्तरिक विवाद मिलाउन नसकेका प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गरेर तानाशाही प्रवृति लाद्ने खोजेको समेत बताए ।

उनले प्रतिनिधि सभा विघटन गरेर संघीयता र लोकतान्त्रिक गणतन्त्रलाई समाप्त पार्न खोजेको आरोप लगाउँदै स्वेच्छाचारी ढंङ्गले शासन सत्ता हातमा लिएर जनताले फालिसकेका शक्तिहरुको आडमा जनताको बलिदानबाट प्राप्त उपलब्धीहरुलाई समाप्त पार्न खोजेको बताए ।

प्रतिनिधि सभा विघटन भएपछिको सरकार कामचलाउ हुने विश्वव्यापी मान्यता रहे पनि काम चलाउ सरकारका प्रधानमन्त्री ओलीले निरंकुशता लादेर मन्त्री परिषद् विस्तार, धमाधम राजनीतिक नियुक्ति, सरुवा, बढुवा लगायतका कार्यहरु गरिरहेको पूर्वउपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले प्रष्ट्याए ।

महदेवा गाउँपालिकाका अध्यक्ष समेत रहेका जनता समाजवादी पार्टीका नेता दिपक कुमार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा राष्ट्रियसभा सदस्यद्वय मृगेन्द्रकुमार सिंह यादव, सदस्य शेखर कुमार सिंह, पार्टीको कार्यकारिणीय समिति सदस्य रेणु यादव, प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साह, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साह, पार्टीका कार्यकारिणी समिति सदस्य एवं प्रदेश सभा सदस्य मनिष कुमार सुमन, कार्यकारिणी सदस्य केशव कुमार झा लगायतले सम्बोधन गरेका थिए ।

सोही कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी पाँच सय भन्दा बढी नेता तथा कार्यकर्ताहरु जनता समाजवादी पार्टीमा प्रवेश गरेका छन् । नवप्रवेशीहरुलाई पार्टी अध्यक्ष यादवले टिका तथा गम्छा ओढाएर स्वागत गरेका छन् ।

---


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


---

# अन्तर्राष्ट्रिय समाचार

## हाइटीमा थप मानवीय सहायताको खाँचो

**संयुक्त राष्ट्रसङ्घ**/संयुक्त राष्ट्रसङ्घीय एक निकायले हाइटीमा गत वर्षको तुलनामा यसवर्ष खाद्यान्नका साथै अन्य मानवीय सहायता आवश्यकता निकै ठूलो मात्रामा बढेको जनाएको छ ।

उक्त समाचारमा जनाइएअनुसार यही फेब्रुअरी महिनामा नै यहाँ खाद्यान्नको अवाश्यकता परेका नागरिकको सङ्ख्या ४० लाखभन्दा पनि बढी रहेको देखिएको छ ।

संयुक्त राष्ट्रसङ्घको मानवीय सहायतासम्बन्धी निकायले गरेको सो प्रक्षेपणअनुसार हाइटीमा खाद्यान्नलगायतको मानवीय सहायता अवश्यक रहेको जनसङ्ख्या कम्तीमा पनि देशकै जनसङ्ख्याको ४० प्रतिशत रहेको छ ।

यहाँको जनसङ्ख्याकै कम्तीमा पनि ४० प्रतिशत जनसङ्ख्यालाई यसको अवश्यकता रहेकोले यसका लागि संयुक्त राष्ट्रसङ्घका साथै अरु अन्तर्राष्ट्रिय सङ्घ संस्थाले पनि सहायता दिनुपर्ने सो निकायले गत बिहीबार सार्वजनिक गरेको प्रतिवेदनमा देखाइएको छ ।

हाइटीमा राजनीतिक सङ्कट शुरु भएको थियो । यस सङ्कटका कारण धेरै ठूलो जनसङ्ख्या खाद्यान्नलगायतको समस्या झेल्नुपरेको बताइएको थियो । त्यसयता यहाँका नागरिकले विभिन्न खालका सङ्कट झेल्दै आएका छन् ।

अहिले पनि हाइटीमा ठूलो सङ्कट बढ्दै गएको देखिएको छ । यहाँ अहिले पनि हिंसात्मक समूहले नागरिकको हत्या, अपहरण तथा लुटपाट गर्ने काम गरिरहेको पाइएको बताइएको छ ।

यहाँ दिन प्रतिदिन असुरक्षा बढ्दै गएको छ भने हिंसात्मक हमला पनि पछिल्लो समयमा निकै हुने गरेका छन् । कतिपय नागरिक यो हिंसाको चपेटमा परेर पनि न्यूनतम सहायता पनि पाउन सकिरहेका छैनन् ।

यसैले पनि यहाँ यस्तो सहयोग आवश्यक रहेको संयुक्त राष्ट्रसङ्घीय सहायतासम्बन्धी एजेन्सीले जानकारी दिएका छन् । ती एजेन्सीका अनुसार हाइटीको अहिलेको अवस्था हेर्दा असुरक्षा र खाद्यान्न अभावको अवस्था बढी देखिएको छ । एजेन्सी

## पटाका उद्योगमा आगलागीहँदा १९ को मृत्यु

**नयाँदिल्ली**/भारतको एउटा पटाका उद्योगमा भएको आगलागीमा परी कम्तीमा १९ जनाको मृत्यु भएको छ ।

घटनाका कारण अरु केही घाइतेसमेत भएको सरकारी अधिकारीले शनिबार जानकारी दिएका छन् ।

तमिलनाडु प्रदेशको भृदुनगर जिल्लामा शुक्रबार घटना भएको हो । यो घटना यस वर्षकै यस प्रदेशकै सबैभन्दा ठूलो नराम्रो घटना भएको अधिकारीले जनाएका छन् ।

स्थानीयअधिकारी आर कन्नानले मृतकको सङ्ख्या अझै बढी हुन सक्ने बताउनुभयो । उहाँका अनुसार केही घाइतेको अवस्था गम्भीर रहेकाले मृतकको सङ्ख्या बढ्न सक्ने देखिएको हो ।

“घटनामा परी अरु ३४ भन्दाबढी घाइते भएका छन्, उनीहरु सबैको अहिले उपचार भइरहेको छ, उनीहरुमध्ये केहीव्यक्तिको शरिरका धेरै भागजलेका छन्, त्यसैले उनीहरुको अवस्था गम्भीर रहेको छ,” उहाँले भन्नुभयो ।

कन्नानले दिएको जानकारीअनुसार आगलागी भएका बेला उद्योगमा झण्डै ७४ जना मानिस रहेका थिए ।

स्थानीय सञ्चारमाध्यमले आगलागी भएको उद्योग अवैध तरिकाले सञ्चालन भइरहेको बताएको छ । प्रहरीले अहिले उद्योगका बारेमा र आगलागीको घटनाका बारेमा अनुसन्धान गरिरहेको छ ।

घटनाका बारेमा थाहा पाएपछि प्रधानमन्त्री नरेन्द्र मोदीले दु:ख व्यक्त गर्दै राहत दिने घोषणा गर्नु भएको छ। उहाँले मृतकलाई परिवारलाई रु दुई लाखका दरले दिने घोषणा गर्नु भएको हो । एजेन्सी

## कान्दाहार प्रान्तमा कार बम विस्फोट सात प्रहरी अधिकारी घाइते

**अफगानिस्तान**/अफगानिस्तानको दक्षिण प्रान्त कान्दाहारको अर्घान्दाब जिल्लामा शनिबार भएको एक कारबम विस्फोटमा परी कम्तीमा सात प्रहरी अधिकारी घाइते भएका प्रहरी प्रवक्ता जमाल बारीक्जाईले बताउनु भएको छ ।

यस सामाचारको विस्तृत विवरण प्राप्त नभएको तर सरकारी अधिकारीले यस घटनाको अनुसन्धान भइरहेको बताएका छन् ।

यसैबीच नाम नबताउने शर्त एक प्रहरी अधिकारीले शनिबार बिहान ०७:३० मा प्रहरी अधिकारीलक्षित एक अर्को बम विस्फोटमा परी चार प्रहरीको मृत्यु हुनुको साथै अन्य ११ जना घाइते भएका जानकारी दिएको छ । तर यस बम विस्फोटको आधिकारीक पुष्टि भने भएको छैन् । एजेन्सी

# आठै जिल्लाका वरिष्ठ पत्रकारहरुलाई प्रमाण पत्र र दोसल्ला ओढाएर सम्मान



**राजविराज**/नेपाल पत्रकार महासंघ प्रदेश नं. २ प्रादेशिक समितिको दोश्रो साधारण सभा शनिबार बिरगंजमा सम्पन्न भएको छ ।

उक्त सभामा २५ हजार राशीको प्रदेश पत्रकारिता पुरस्कार शत्रुध्न नेपाललाई प्रदान गरिएको छ भने सोही सभामा गत वर्षको सो पुरस्कार धर्मेन्द्र झालाई प्रदान गरियो ।

यस्तै प्रेस स्वतन्त्रता सेनानी एवं महासंघ सप्तरी शाखाका पुर्व अध्यक्ष वैधनाथ झा, सिरहाका पुर्व अध्यक्ष चन्द्रदेव कामतीसहित आठै जिल्लाका वरिष्ठ पत्रकारहरुलाई प्रमाण पत्र र दोसल्ला ओढाएर सम्मान गरिएको छ ।

साधारणसभामा महासचिव किरण कर्ण र कोषाध्यक्ष प्रविण साहको प्रतिवेदन पारित गर्दै नयाँ सदस्यता र नविकरणको सन्दर्भमा जिल्ला समितिहरुबाट प्रदेश समितिमा पठाएका नामावली स्विकृत गर्ने, नयाँ सदस्यता र नविकरणमा प्रदेश समितिले गरेको पुनरावलोकनको हकमा थप छानविन गर्न केन्द्रीय समितिको संगठन विभागमा अन्तिम किनाराकालागि कागजातसहित पठाउने निर्णय गरिएको छ ।

प्रदेश अध्यक्ष दिपेन्द्र चौहानको अध्यक्षतमा तथा महासंघका केन्द्रिय अध्यक्ष गोबिन्द आचार्यको प्रमुख अतिथि सम्पन्न कार्यक्रममा विशिष्ट अतिथि धर्मेन्द्र झा, अतिथि महासचिव रमेश बिष्ट, सचिव रामप्रसाद दाहाल, कोषाध्यक्ष राजेश मिश्र, युनियन अध्यक्ष बद्री सिग्देल, महासंघका केन्द्रीय सदस्य एवं मधेस उपसमितिका संयोजक अवधेशकुमार झा, केन्द्रीय सदस्यद्वय शैलेन्द्र झा र देवकुमार यादव, प्रेस संगठनका उपाध्यक्ष लालबाबु शेख, विरगञ्ज मेयर विजय सरावगी, प्रेस नेपालका विजय कुशावाहा, फोटो पत्रकार महासंघ प्रदेश २ का अध्यक्ष पंकज श्रेष्ठ, प्रदेश अन्तर्गतका ८ जिल्लाका महासंघका अध्यक्ष र सचिवको सहभागिता रहेको प्रदेश सचिव एवं प्रचार विभाग संयोजक आर.एन. विश्वासले जानकारी दिएका छन् ।

# आगलागीमा पाँच लाखको क्षति

**राजविराज**/सप्तरीको राजगढ गाउँपालिका वडा नं. ५ स्थित धौनकी टोलमा मंगलवार आगलागी हुँदा चार घर जलेर नष्ट हुँदा पाँच लाख बराबरको क्षति भएको छ ।

सहदेव मण्डलको गुहालीमा बालिएको घुरबाट सल्किएको आगोबाट निजको गुहाली घर, शिवकुमार मण्डल, सुवंश मण्डल र कपलेश्वर मण्डलको एक एक वटा घर जलेर नष्ट भएको हो ।

आगलागीमा परी सहदेवको भैंसी जलेर मरेको जनाईएको छ । शिवकुमारको करिब २५ मन धान समेत जलेर खरानी भएको स्थानीयवासिन्दाले जानकारी दिएका छन् ।

राजविराज नगरपालिकाबाट गएको बारुणयन्त्र र स्थानीयवासिन्दाको सहयोगमा आगो नियन्त्रणमा लिईएको थियो । आगलागीमा परी करिब पाँच लाख रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।

## दलितहरुको ...

रहेको थियो ।

अभियानका सप्तरी संयोजक प्रथमलाल रामको अध्यक्षतामा आयोजित जनसभालाई अभियानका अगुवा गंगा सदा, बद्री सदा, ललितादास बिद्रोही, मनोज राउत, भोला पासवान, चन्देश्वर दास, मित्र परियार, सियाराम पासवान, पूर्वसभासद् असर्फी सदालगायतले पनि सम्बोधन गर्दै प्रतिनिधिसभाको पुर्नस्थापना तथा वर्षौदेखी शोसित पीडित दलितको माग पुरा गराउन देशैभरबाट दबाब सृजना गर्न अभियान थालिएको बताएका थिए ।

नागरिकता विहिन दलितहरुलाई अविलम्ब नागरिकताको व्यवस्था, दलितका लागि छुट्टै कानुनी व्यवस्था, पुस्तौदेखी बसोवास गर्दै आएका भूमिको लालपूर्जासहित हकभोगको व्यवस्था, जमिन, सम्पत्ति र पूँजीमाथी हदबन्दी, बाझो रहेका र हदभन्दा बढी रहेको सम्पत्ति जफत गरि गरिब, दलित समुदायमा बितरणको व्यवस्था लगायतको २५ बुँदे मागसहित अपिल पत्र जारि गरिएको छ ।


## हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**








नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

ipay remit, CITY EXPRESS Money Transfer, Best Remit Quick & Easy, prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : saptahiknavin@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np